"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मिति:२०८२।०३।१० बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

प्रस्तावहरु:

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२।०८३ को नीति, कार्यक्रम सम्बन्धमा।
३. आ.व. २०८२।०८३ को आर्थिक विधेयक सम्बन्धमा।
४. आ.व. २०८२।०८३ को विनियोजन विधेयक सम्बन्धमा।
५. आ.व. २०८२।०८३ को आय ठेक्का सम्बन्धमा।
६. कर्मचारी कल्याण कोष सम्बन्धमा।
७. बेरुजु फछ्र्यौट सम्बन्धमा।
८. सुशासन तथा संस्थागत विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।
९. विद्यालय मर्ज सम्बन्धमा।
१०. हाटबजार व्यवस्थापन र Shopping Complex का लागि नगर विकास कोषसँग ऋण लिने सम्नब्धमा।
११. ठेक्काको म्याद थप गर्ने सम्बन्धमा।
१२. दुवेचौर सातकुवा लहरेबर सडक स्तरोन्नती कार्यको VO स्वीकृत गर्ने सम्बन्धमा।
१३. बजेट रकमान्तर सम्बन्धमा।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको र बाँकि निर्णयहरु कार्यान्वयन गर्दै लैजाने।
२. खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ को नीति, कार्यक्रम सर्वसम्मतले पारित गरियो।
३. खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ को आर्थिक विधेयक सर्वसम्मतले परित गरियो।
४. खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ को विनियोजन विधेयक सर्वसम्मतले पारित गरियो।
५. खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ का लागि राजस्व परामर्श समितिबाट सिफारिस भएका तपसिलका आय ठेक्काहरु आह्वानका लागि सूचना प्रकाशन गर्ने।

तपसिल:

क्र.सं.	शिर्षक	व्यवसायको नाम र क्षेत्र	आगामी आ.व. २०८२।०८३ (मिति २०८२ साउन १ गतेदेखि मिति	कैफियत

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२।०३।१०

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मिति:२०८२।०३।१० बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

			२०८३ असार मसान्तसम्म) को ठेक्का अंक रकम रु	
१.	सरसफाई शुल्क	खाँदबारी नगरपालिकाको नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने साना तथा हेभी सवारी साधनहरुलाई सरसफाई शुल्क सम्वन्धमा।	११,००,०००।- (एघार लाख मात्र)	१५ दिनको सिलबन्दी दरभाउपत्र आह्वान गर्ने।
२.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडिखेलमा रहेको आयमूलक भवन भुईतला मासु व्यवसाय गर्ने स्थल मात्र सम्वन्धमा।	१,५१,२५०।– (एक लाख एकाउन्न हजार दुई सय पचास मात्र)	आगामी आर्थिक वर्ष नयाँ ठेक्का अंक कायम गर्ने (प्रति सटर वा सबै सटर) ७ दिनको सूचना प्रकाशन गर्ने।
३.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडिखेलमा रहेको आयमूलक भवन भाडामा लगाउने सम्बन्धमा (भुईतलाको मासु व्यवसाय गर्ने स्थल वाहेक)	३,६३,३००।– (तीन लाख त्रिसाठ्ठी हजार तीन सय मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।
४.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित पोखरी बजारमा रहेको आयमूलक भवन सम्वन्धमा।	१,६३,०००।– (एक लाख त्रिसाठ्ठी हजार मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।
५.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन सम्बन्धमा।	२,४२,०००।– (दुई लाख वयालिस हजार मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।
६.	पार्किङ्ग शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित खाँदबारी बसपार्क सञ्चालन सम्वन्धमा।	४,००,०००।– (चार लाख मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।
७.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडिखेलमा लाग्ने	२,४२,०००।– (दुई लाख वयालिस हजार मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२।०३।१०

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

		बुधवारे तथा शनिवारे हाटकर संकलन सम्वन्धमा।		
८.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका वडा नं. ९ स्थित तुम्लिङटारमा लाग्ने शुक्रवारे हाटकर संकलन सम्वन्धमा।	४४,१५०।– (चौवालिस हजार एक सय पचास मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।
९.	वहाल विटौरी शुल्क	खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय परिसरमा चमेना गृह सञ्चालन सम्वन्धमा।	४१,५५०।– (एक चालिस हजार पाँच सय मात्र)	७ दिनको सूचना प्रकाशन गर्ने।

६. खाँदबारी नगरपालिकाको कार्यालयमा कार्यरत स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावलि, २०५६ अनुसार स्थायी नियुक्त भएका कर्मचारी तथा समन्वय समिति संखुवासभा र अन्य सेवाबाट समायोजन भएर आएका स्थायी कर्मचारीहरुको अवकास हुदा भुक्तानी गर्नु पर्ने संचित विदा, उपदान र औषधी उपचार लगायत अन्य सेवा सुविधा रकम वापतको लागि यस कार्यालयमा यथावत रहेको कर्मचारी कल्याण कोषको रकम रा.बा.बैंक खाँदबारी स्थित रहेको च.हि.नं.२०८०१०००३०५०१००२ मा रहेको रकम तथा आगामी आ.व. देखि नगर सभाबाट निर्णय भइ विनियोजन भएको रकमलाइ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा व्यवस्था भए अनुसारको अवकास कोष खडा गरी तथा कार्यविधी बनाइ कर्मचारी सञ्चय कोष सँग संझौता गरी उक्त रकमहरु कर्मचारी सञ्चय कोषको अवकास कोषमा पठाउने।

७. लेखापरीक्षण भइ नियमित गर्नु पर्ने तथा प्रमाण पेस नभएको भनी कायम भएको बेरुजुहरुको सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल भइ पेस भएको अनुसूचि १ अनुसारको विभिन्न आर्थिक वर्षको बेरुजुहरुको नियमित गर्नु पर्ने तथा प्रमाण पेस गर्न बेरुजुहरु सम्परीक्षण गरी महालेखा परीक्षकको कार्यालयको रेकर्ड बाट लगत कट्टा गर्नु पर्ने भएकोले यस कार्यपालिका बैठकमा व्यापक छलफल पश्चात नियमित गर्नु पर्ने बेरुजुहरु सम्परीक्षण गर्नको लागि नगर सभामा समेत अनुमोदन गरी नियमित गर्नु पर्ने बेरुजुहरुको निर्णय गर्नु पर्ने व्यवस्था भएको हुनाले उक्त बेरुजुहरु नियमित गरी फर्यौंछटको लागि नगरसभामा पेस गर्ने निर्णय गरियो।

८. मिति २०८२।०३।०८ असाढ ८ गते खाँदबारी नगरपालिका सुशासन तथा संस्थागत विकास समितिका तपसिलका निर्णय अनुमोदन गर्ने।

क. पेस भएका तपसिलका योजना/ कार्यक्रमहरुलाई बजेट व्यवस्थापन गर्ने।

तपसिलः

क्र.सं.	योजना तथा कार्यक्रम	प्रस्तावित बजेट	कार्यक्रमको विवरण	कार्यक्रम सञ्चालन

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२/०३/१०

पदमप्रसाद खनगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मिति:२०८२।०३।१० बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

१	गुनासो सुनुवाई व्यवस्थापन	२०००००	२ दिने, शाखा प्रमुख र वडा सचिवहरु	पहिलो त्रैमासिक
२	राजस्व सुधार कार्यक्रम	१०००००	१ दिने, वडा अध्यक्ष र वडा सचिवहरु	पहिलो त्रैमासिक
३	वडा कार्यालय सञ्चालन, राजस्व सुधार तथा प्राविधिक समस्याहरुको विषयमा अन्तरक्रिया तथा पुनर्ताजकी कार्यक्रम	२०००००	२ दिने, वडा कार्यालयमा कार्यरत सचिवहरु, वडा प्राविधिकहरु र कार्यरत सहायक कम्प्युटर अपरेटर	दोस्रो त्रैमासिक
४	सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण	५०००००	खाँदबारी नगरपालिकाको नया सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य	तेस्रो त्रैमासिक
५	आवधिक योजना निर्माण	१००००००	खाँदबारी नगरपालिकाको आ.व.२०८३/०८४-२०८८/०८९	तेस्रो चौमासिक
६	मध्यमकालीन खर्च संरचना निर्माण	३०००००	आगामी तीन वर्षको बजेट सम्बन्धी छलफल	दोस्रो चौमासिक
७	LIZA, FRA, JESI, SuTRA	५०००००	छलफल, समिक्षा तथा व्यवस्थापन खर्च	पहिलो, दोस्रो चौमासिक
८	सामाजिक परीक्षण	५०००००	सामाजिक परीक्षण सम्बन्धी छलफल	दोस्रो, तेस्रो चौमासिक
९	उपभोक्ता अनुशिक्षण कार्यक्रम	३०००००	उपभोक्ता समिति गठन, परिचालन तथा कार्यान्वयन सम्बन्धी अनुशिक्षण ११ वटै वडामा	पहिलो
१०	कानून, कार्यविधि, मापदण्ड, नीति निर्माण	५०००००	नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माण गर्ने कार्य	तेस्रो, चौथो

ख. खाँदबारी नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मुल्याङ्कन तथा नया अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्यसम्पादनस्तर मुल्याङ्कन गरी आगामी आ.व. २०८२।०८३ का लागि करार अवधी थप गर्न नगर सभा समक्ष सिफारिस गर्ने साथै कार्यक्रमतर्फ कार्यरत कर्मचारीहरुको कार्यक्रममा प्राप्त बजेटको आधारमा करार अवधि थप गर्न सिफारिस गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७८, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मिति:२०८२।०३।१० बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

१	श्री सुशिला खतिवडा पोखेल	कार्यालय सहयोगी	नगरपालिका कार्यालय	
२	श्री आश्थाबाबु घिमिरे	जेटिए	३ नं. वडा कार्यालय	
३	श्री विकास चर्माकार	शव वाहन शवारी चालक	नगरपालिका कार्यालय	
४	श्री जमुना ~~बजमाई~~ ठकाल	कार्यालय सहयोगी	आधारभुत स्वा. के., खा.न.पा.-८	
५	श्री धन कुमारी विश्वकर्मा	कार्यालय सहयोगी	१ नं. वडा कार्यालय	
६	श्री राम बहादुर कुमाल	सरसफाई सहयोगी	९ नं. वडाको सार्वजनिक शौचालय तथा विमानस्थल शौचालय निर्माण	
७	श्री कृष्णमाया तामाङ माझि	सरसफाई सहयोगी	९ नं. वडाको मनकामना आश्रमको सार्वजनिक शौचालय	

च. खाँदबारी नगरपालिकाको विषयगत समिति अन्तरगत सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री विनोद गुरुङ वि.सं. २०८० साल देखि वैदेशिक रोजगारीमा गएको हुनाले उक्त रिक्त पदमा नगर प्रमुखको आदेश बमोजिम वडा नं. १ का वडा सदस्य श्री शारदा पराजुलीलाई मनोनयन गर्ने।

९. विद्यालय मर्ज सम्बन्धमा

खाँदबारी नगरपालिकाका देहायका विद्यालयहरुले समायोजनहुनका लागि दुबै विद्यालयका व्यवस्थापन समिति निर्णय भई आएको हुदा खाँदबारी नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम १६ को उपनियम(ङ) तथा सार्वजनिक विद्यालय समायोजन तथा एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को नियम ८ बमोजिम समायोजनका लागि आवश्यक निर्णयार्थ नगर कार्यापालिका समक्ष पेश गर्ने।

देहाय

क्रस	समायोजन हुन चाहाने विद्यालय	समायोजन हुने तह	समायोजन लिने विद्यालय
१	श्री देउराली आ वि छ्याङकुटी	आधारभूत तह कक्षा १-३	श्री कालिका मा वि सेकाहा
२	श्री पद्मकन्या आ वि डाँडापांमा	आधारभूत तह कक्षा १-३	श्री सिद्धकाली आ वि स्याम्दागाउँ

१०. खाँदबारी नगरपालिका वडा नं. १ स्थित नगरपालिकाको स्वमित्वमा रहेको जग्गा कि.नं. १० क्षेत्रफल ९१३३ व.मि. मा हाटबजार तथा सपिङ्ग कम्प्लेक्स (विस्तृत परियोजना प्रस्ताव सहित) निर्माण योजनाका लागि आवश्यक बजेट व्यवस्था गर्न नगर विकास कोषसँग ऋण अनुदान माग गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७८, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२/०३/१०
यदुनन्दन बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मितिः२०८२।०३।१० बिहान ८:१५ बजे
स्थानः खाँदबारी नगरपालिकाको सभाहल

११. यस नगरपालिकामा कार्यान्वयनमा रहेका तपसिलका ठेक्काहरु निर्माण कार्य हुँदै आएको अवस्थामा ठेक्का सम्झौता ढिला भएको र बर्षात याम सुरु भईसकेको कारणले निर्माण सामग्री ढुवानी र कालोपत्रेका कार्य गर्न कठिनाई भएको भनि कार्यसम्पन्न हुनपर्ने मिति भन्दा २१ दिन अगावै म्याद थपका लागि निवेदन प्राप्त भएको हुनाले प्राविधिक प्रतिवेदनका आधारमा तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सोहि नियमावलीको नियम १२०, उपनियम १ र उपनियम ३ अनुसार थप कार्यसम्पादन जमानत र थप बीमा सहित तपसिलको समयावधिसम्म म्याद थप गर्ने।

तपसिलः

क्र.सं.	ठेक्का नं.	योजनाको नाम	निर्माण व्यावसायीको नाम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	म्याद थप गरिएको मिति
१	KMO/NCB/WORKS /05/081/082	दुवे चौर सात कुवा लहरेबर सडक निर्माण	अरण बरुण निर्माण सेवा कम्पनी प्रा.ली.	२०८१।१२।१७	२०८२।०२।३०	२०८२।०७।३०
२	KMO/NCB/WORKS /07/081/082	खाँदबारी रङ्गशाला निर्माण	एन.डि. ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.ली.	२०८१।१२।२१	२०८२।०२।३०	२०८२।०७।३०
३	KMO/NCB/WORKS /01/081/082	अरुण नदि ढोलबाजे लिफ्ट खानेपानी आयोजना	सजिला/मंगलादेवी जे.भी.	२०८१।०९।०२	२०८२।०२।३०	२०८२।०७।३०

१२. खाँदबारी नगरपालिकाको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत समपुरक अनुदान अन्तरगत दुवैचौर सातकुवा लहरेबर सडक स्तरोन्नती कार्य (Contract ID KMO/NCB/WORKS/05/081/082) सम्बन्धमा अरुण बरुण निर्माण सेवा कम्पनी प्रा.ली., खाँदबारी-३, सङ्खुवासभाको प्राप्त पत्रका आधारमा तपसिलको विवरण सहित Price Negotiation गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौताको क्रममा पूर्वानुमान गर्न

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ६ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२।०२।१०

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६३/०८१।०८२
बैठक मिति:२०८२।०३।१० बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

नसकिएको परिस्थिति सिर्जना भएमा भरिएसन आदेश जारी गर्न सकिने व्यवस्था रहेको हुँदा प्राविधिक प्रतिवेदनका आधारमा VO स्वीकृत गर्ने।

तपसिल:

क्र.सं.	विवरण	कार्यालयको स्वीकृत दररेट क्यु.मि.	बोलपत्रदाताले पेस गरेको दररेट क्यु.मि.	Negotiation पछिको दररेट क्यु.मि.
१	RCC Quantity	१३५२३.२०	१६५००	१२५००
२	PCC Item	९९०९.६३	१३०००	८५००

सम्झौता रकम: भ्याट र पि.एस. सहित रु. २,१३,५०,७४७.७९।–

भेरिएसन पश्चातको रकम: भ्याट र पि.एस.सहित रु. २,१३,४४,५८७.६०।–

१३. खाँदबारी नगरपालिको आ.व. २०८१।०८२ का लागि केहि शीर्षकबाट रकम रकमान्तर गर्नुपर्ने भएकाले तपसिलका शीर्षकबाट रकमान्तर गर्ने।

तपसिल:

क्र.सं.	कार्यक्रम/आयोजनाको नाम	बजेटको स्रोत/तह	रकम	कैफियत
घटाउने:				
१	पानी तथा बिजुली	राजस्व बाँडफाँट-स्थानीय	३०००००	
२	सञ्चार महशुल	राजस्व बाँडफाँट-स्थानीय	२०००००	
		जम्मा	५०००००	
बढाउने:				
१	पदाधिकारी अन्य सुविधा	राजस्व बाँडफाँट-स्थानीय	२०००००	
२	मसलन्द तथा कार्यालय सामग्री	राजस्व बाँडफाँट-स्थानीय	२०००००	
३	मसलन्द तथा कार्यालय सामग्री	राजस्व बाँडफाँट-स्थानीय	३०००००	
४	भ्रमण खर्च	राजस्व बाँडफाँट-स्थानीय	५०००००	
५	करार सेवा शुल्क	राजस्व बाँडफाँट-स्थानीय	७८१८०००	
६	बीमा तथा नविकरण खर्च	राजस्व बाँडफाँट-स्थानीय	३०००००	
७	कर्मचारीको बैठक भत्ता	राजस्व बाँडफाँट-स्थानीय	१८००००	
		जम्मा	९४९८०००	

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२।०३।१०
पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत